# कोभिड १९ को महामारीको कारण भएको बन्दाबन्दीमा लैङ्गिक हिंसा निवारणका लागि राष्ट्रिय महिला आयोगले सम्पन्न गरेका कार्यहरु



चैत्र ११, २०७६ देखि जेष्ठ १०, २०७७ सम्म

## पृष्ठभूमि

संवैधानिक तथा कानुनी जिम्मेवारी अनुरुप नै राष्ट्रिय महिला आयोगले लैङ्गिक हिंसाको रोकथाम र निवारणका लागि विगतदेखि नै निरन्तर प्रयास गर्दै आएको छ । आयोगका कार्यहरुलाई अझ प्रभावकारी र  प्रविधिमैत्री बनाउदै महिला हिंसाका घटनाको सम्बोधन गर्न विश्व बैकको आर्थिक तथा प्राविधिक सहयोगमा २०७४ मंसीर देखि **हिंसा भएमा खबर गरौं ११४५ हेल्पलाईन सेवा समेत** सञ्चालन गरी यस अर्न्तगत आयोगका कर्मचारी तथा साझेदार संस्थाहरुमार्फत विभिन्न आवश्यक सेवाहरु प्रदान गर्दै आएको छ। यस्ता सेवाहरुमा निःशुल्क टेलिफोन सेवा, sms सेवा, वेबसाईटबाट पनि उजुरी गर्न सक्ने व्यवस्था (www.nwchelpline.gov.np) रहेका छन् ।

हेल्पलाईनबाट प्रदान गरिने मुख्य सेवाहरु अर्न्तगत हिंसाबाट प्रभावित महिलाहरुका लागि मनोसामाजिक परामर्श, कानुनी परामर्श, कानुनी सहायता, अल्पकालीन आश्रयस्थलको व्यवस्था प्रमुख रुपमा रहेका छन् ।

हाल संसारभर कोभिड-१९ को कारण फैलिएको महामारीबाट जोगाउन नेपाल सरकारले लागू गरेको बन्दाबन्दीको अवधिमा समेत महिला तथा बालबालिकामाथि हिंसा हुनसक्ने कुरालाई मध्यनजर गर्दै आयोगले “हेल्पलाईन सेवा ११४५” लाई २४ सै घण्टा संचालन गरी प्रभावितहरुका लागि विगतका सबै सेवाहरुको निरन्तरता दिदै विभिन्न निकायहरुसँग समन्वय गरिरहेको छ ।

बन्दाबन्दीको समयमा आयोगले मनोसामाजिक परामर्श आवश्यक भएका  हिंसा प्रभावितहरुलाई ११४५ हेल्पलाईन मार्फत सेवा प्रदान गर्नुको साथै साझेदार संस्था **टि.पि.ओ. नेपाल**को टोल फ्रि नं १६६००१०२००५ मार्फत बिहान ८.०० बजेदेखि साँझ ६.०० बजेसम्म मनोसामाजिक परामर्श र मनोचिकित्सकीय सेवाहरु प्रदान गर्दै आएको छ । त्यसैगरी आयोगका कर्मचारी, **कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC)** र टि.पि.ओ. नेपाल मार्फत कानुनी परामर्श प्रदान गर्दै आएको छ । प्रभावितहरुलाई तत्काल उद्धार गरी आश्रयस्थलको सेवा दिन आवश्यक भएको अवस्थामा **साथी** संस्थासँगको साझेदारीमा अल्पकालिन आश्रयसेवा दिदै आएको छ भने आवश्यकतानुसार अन्य संस्थाहरुसँग पनि समन्वय गर्दै आएको छ । बन्दावन्दीको अवधिमा आएका नयाँ पीडित सेवाग्राहीहरुलाई आश्रयस्थलमा राख्नुअघि कोभिड-१९ परीक्षण गरी नकारात्मक नतीजापछि  मात्र आश्रयस्थलमा राख्ने व्यवस्था गरिएको छ ।

यसैगरी हिंसाबाट प्रभावित बालबालिकाहरुका लागि साझेदार संस्था **सिविन**मार्फत विशेषगरी मनोसामाजिक परामर्श, आश्रयस्थलको सेवाका साथै अन्य आवश्यकीय सेवाहरु प्रदान गर्दै आएको  छ ।

बन्दाबन्दीको अवधिमा समेत हिंसापीडित महिलाहरुले नेपालका सबै जिल्लाहरुबाट  हेल्पलाईन सेवा लिनसक्ने व्यवस्था मिलाइएको छ । बन्दाबन्दीको समयावधिमा पनि नेपालको पूर्वी जिल्ला ताप्लेजुङ देखि सुदुरपश्चिम प्रदेशका कन्चनपुरसम्म सबैतिरबाट फोनकलहरु प्राप्त भइ रहेका छन् ।

आयोगको हेल्पलाईन सेवा ११४५ मा बन्दाबन्दीको दुई महिनाको अवधि (चैत्र ११, २०७६ देखि  जेठ १०,२०७७ ) मा १३६१ फोनकलहरु प्राप्त भएका थिए जसमध्ये हिंसासँग सम्बन्धित घटनाहरु ६०४ वटा अभिलेखीकरण भएका छन् । यसरी अभिलेखीकरण भएका घटनाहरुमा घरेलु हिंसाका घटना ७७ प्रतिशत रहेको छ भने महिला हिंसाका घटना २३ प्रतिशत रहेको पाइएको छ ।



आयोगले हेल्पलाईन सेवामार्फत महिलामाथि हिंसा भएमा के गर्ने ? कहाँबाट कसरी सहयोग प्राप्त गर्ने ? भन्ने विषयमा विभिन्न माध्यमहरुबाट आवश्यक सूचनाहरु प्रदान गर्नुका साथै पीडितहरुलाई अन्य सेवाप्रदायक निकायहरुसँग समन्वय गरी आवश्यक सेवामा पहुँच पुऱ्याउने प्रयाससमेत गर्दै आएको छ ।

११४५ हेल्पलाईन सेवामा आएका फोनकलहरुको आधारमा बन्दाबन्दीको समयपूर्व ( २०७४ मंसीर देखि २०७६ चैत्र १० सम्म) को अवधि र बन्दाबन्दीको दुई महिनाको अवधि (११ चैत्र २०७६ देखि १० जेठ २०७७ सम्म) मा आयोगमा अभिलेखीकरण भएका हिंसाका उजुरीको तुलनात्मक विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## बन्दाबन्दी अघि र बन्दाबन्दीको समयमा अभिलेखीकरण भएका हिंसाके घटनाहरुका तुलनात्मक विवरण




बन्दाबन्दीको समय र बन्दाबन्दी अघिको समयमा हेल्पलाइर्नमा आएका हिंसाका उजुरीको तुलना गर्दा बन्दाबन्दीअघि घरेलु हिंसाको उजुरी बढी आएको देखिन्छ भने बन्दाबन्दीको समयमा घरेलु हिंसाभन्दा महिलामाथि भएका हिंसाको उजुरी बढी देखिन्छ । बन्दाबन्दीको समयमा घर परिवारबाट भन्दा बाह्य व्यक्ति, छिमेकीबाट भएको हिंसाको उजुरी केही बढेको देखिन्छ जसमा छिमेकी तथा परिवारबाट बोक्सीको आरोप लगाएको, यौनजन्य दुर्व्यवहार गरेको र सामाजिक अपहेलनाका घटनाहरुसमेत आयोगमा अभिलेखीकरण भएका छन् ।

हिंसाका घटनाको प्रकृतिका आधारमा विश्लेषण गरिएको तुलनात्मक चार्ट देहायबमोजिम रहेको छ:

## अभिलेखीकरण भएका घटनाअनुसार हिंसाको प्रकृति




आयोगको हेल्पलाईन सेवा ११४५ मा आएका फोनकलहरुबाट जानकारी भएअनुसार बन्दाबन्दीको समयमा मानसिक हिंसामा बृद्धि भएको पाईएको छ । महिलामाथि निरन्तर रुपमा हिंसा भइरहेको कारणले मानसिक असर पर्न गई आत्महत्याको सोचसमेत आएको र कतिपय महिलाहरुले आत्महत्याको प्रयाससमेत गरेको पाइएको छ ।

बन्दाबन्दीको समयमा यौनिक हिंसामा समेत बृद्धि भएको पाईन्छ र यसअवधिमा वैवाहिक बलात्कारका घटनासमेत जानकारीमा आएका छन् ।

हेल्पलाईनमा अभिलेखीकरण भएका घटनाहरुको प्रदेशगत विवरण हेर्दा हिंसाका घटनाको उजुरी सबै प्रदेशहरुबाट प्राप्त भएका छन् यद्यपि बाग्मती प्रदेशबाट धेरै घटनाहरु अभिलेखीकरण भएको पाईन्छ जुन परियोजनाको शुरु देखिको कार्यक्षेत्र भएकोले धेरैलाई हेल्पलाईन सेवाबारे जानकारी भएका कारणले पनि बढी उजुरी प्राप्त भएको हुन सक्छ । प्राप्त उजुरीहरुमा घरेलु हिंसाको संख्या बृद्धि हुने क्रममा रहेको पनि देखिएको छ । बन्दाबन्दीको समयमा महिलामाथि हुने घरायसी कार्यबोझको बढोत्तरी, महामारीबाट सिर्जित बेरोजगारीको समस्या र आम्दानीका स्रोत नहुँदा परिवारमा आइपर्ने गरिबी र अनिश्चिताका कारण सिर्जना हुने द्वन्द्वको मार महिलामाथि परि हिंसा बढेको कुरा प्राप्त घटना अभिलेखीकरणबाट पनि प्रष्ट देखिएको छ ।

## बन्दाबन्दीको अवधि २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ १० गतेसम्मको हिंसाका उजुरीहरुको प्रदेशस्तरीय विवरण




घरेलु हिंसा अन्तर्गत पनि शारीरिक हिंसा तथा मानसिक हिंसाका उजुरी बढी आएको देखिन्छ । जसमा हिंसा गर्ने व्यक्तिहरुमा श्रीमान, सासु र परिवारका अन्य सदस्यहरुसमेत रहेका जानकारी प्राप्त भएको छ । बन्दाबन्दीको समयमा आवातजावतमा रोक लागेको कारण र परिवारको अघि उजुरी गर्न नसक्दा पनि महिलाहरु थप हिंसा सहन बाध्य भएका जानकारी पनि प्राप्त भइरहेका छन् । आयोगमा अभिलेखीकरण भएका घटनाहरुको विश्लेषण गर्दा २६ देखि ४० उमेर समुहका महिलामाथि बढी हिंसा भएको उजुरी आएको छ भने ६० वर्ष भन्दामाथिको उमेर समूहबाट कम उजुरी आएको देखिन्छ। जुन तलको तालिकाबाट पनि प्रष्ट हुन्छ :

## पीडितहरुको  उमेरका आधारमा भएको हिंसाको अवस्था



हेल्पलाईन सेवामा अभिलेखीकरण भएका घटनाहरुमा पहिलो तालिकामा मानसिक यातनाको संख्या बढी रहेको पाइएको छ भने दोस्रोमा शारीरिक यातना रहेको छ । साबिकदेखिनै हिंसा भइरहेका महिलामाथि झन् हिंसा बढेको र मादक पदार्थको सेवन गरेर महिलामाथि कुटपीट गर्ने, गालीगलौज गर्ने, रातीको समयमा घरबाट निकाल्ने गरेको तर बन्दाबन्दीको कारणले छिमेकीबाट सहयोग लिन नसकेको, माइती वा अन्य सुरक्षित स्थानमा जान नसकेकोले हिंसा खपेर बसी रहनुपरेको जानकारी प्राप्त भएको छ । त्यसैगरि कानुनी दस्तावेजहरु (नागरिकता, विवाह दर्ता, जन्मदर्ता ) नबनाइदिएको भन्ने उजुरीहरु पनि प्राप्त भएका छन् ।

## बन्दाबन्दीको समयमा बढी मात्रामा उजुरी प्राप्त भएका हिंसाका स्वरुप




बन्दाबन्दीको समयमा श्रीमान र परिवारले साथ नदिंदा गर्भवती महिलाहरुले खानेकुराको अभाव, ग्याँस नपाउने समस्या भएर आयोगमा उजुरी आएपछि स्थानीयतहसंगको समन्वयमा खाद्यान्न लगायतका अन्य सेवाहरु प्रदान गर्ने कार्यमा सहजीकरण समेत गरिएको छ ।

दैनिक ज्यालादारीमा काम गर्ने महिलाहरुले बन्दाबन्दीको समयमा काम गर्न नपाएकोले आर्थिक स्थिति कमजोर भएको, जसले गर्दा खानाको समस्या भएको भन्दै आवश्यक व्यवस्था गरिदिनसमेत अनुरोध गर्ने गरेका छन् । यस्ता घटनाहरुमा आयोगबाट स्थानीय तहका पदाधिकारीहरुसँग समन्वय गरी आवश्यक राहत वितरणका लागि अनुरोध गरिएको र स्थानीयतहबाट राहत उपलब्ध गराइएको जानकारी पनि प्राप्त भएको छ ।

आयोगले बन्दाबन्दीको दुईमहिना (**२०७६ चैत्र ११ देखि २०७७ जेष्ठ १० गतेसम्म**) को अवधिमा विशेषगरि मनोसामाजिक परामर्श र मनोचिकित्सकीय सेवा, कानुनी परामर्श तथा सहयोग, आश्रयस्थल र बालबालिकालाई मनोपरामर्श लगायतका देहायबमोजिम सेवा प्रदान गरेको छ ।

## बन्दाबन्दीको समयमा आयोगबाट प्रदान गरिएका मुख्य सेवाहरु



## बन्दाबन्दीले महिलामाथि पारेको प्रभाव

प्राप्त जानकारीहरुको आधारमा भन्दा बन्दाबन्दीको असर समाजमा रहेका सबै मानिसहरुमाथि परेतापनि महिला तथा बालबालिकामाथि यसको नकारात्मक प्रभाव बढी पर्न गएको देखिन्छ । बन्दाबन्दीको समयमा घरबाहिर अन्य निकायमा गएर उजुरी गर्न समस्या पर्ने हुनाले पनि आयोगको हेल्पलाईन ११४५ मा आएका फोनकलहरुमा वृद्धि भएको पाईन्छ । यस्तो अवस्थामा हेल्पलाईन सेवाको महत्व पनि बढेको देखिन्छ । बन्दाबन्दीको कारण आयोगबाट तथा अन्य निकायहरुबाट प्रत्यक्ष उपस्थित भएर प्रदान गरिदै आएका सेवाहरुमा केहि सीमितता रहेको कारण पनि टेलिफोन कल बढेको हुनसक्छ ।

बन्दाबन्दीको समयमा आश्रयस्थल तथा अन्य सुरक्षित ठाँउमा जानका लागि पनि आवातजावतमा रोक लागेको कारण महिलाहरु हिंसा सहेरै बस्न बाध्य भएका छन् । यस अवधिमा मानसिक हिंसाहरुमा वृद्धि भएकोले महिलाहरुले आत्महत्याको प्रयास गर्नुका साथै कतिपयले आत्महत्या गरेको तथ्यांक पनि बाहिर आएको हुँदा बन्दाबन्दीको समयावधि थप हुदै जाँदा महिला सुरक्षाको विषयलाई कसरी सम्बोधन गर्ने ? भन्ने विषय जटिल बनेको छ । बन्दाबन्दीको समयमा यौनजन्य हिंसामा वृद्धि हुनुका साथै वैवाहिक बलात्कारका घटनासमेत बाहिर आएका तर तत्काल कानुनी कारवाहीमा जान नसक्दा र प्रमाणहरु सुरक्षित हुन नसक्दा महिलाको न्यायमा पहुँच चुनौतिपूर्ण बनेको छ । बन्दाबन्दीको समयमा सेवामा सीमितता भएकोले घटना व्यवस्थापनमा समेत कठिनाई भइरहेको छ । आश्रयस्थल आवश्यक परेका अति प्रभावित महिलाहरुका लागि प्रभावकारी र सुरक्षित आश्रयस्थलको व्यवस्थापन, रोगको परीक्षण प्रक्रिया र पहुँचमा समेत समस्याहरु देखिएका छन् ।

## समन्वय र सहकार्य

आयोगले बन्दाबन्दीको समयमा हेल्पलाईन मार्फत प्रदान गर्दै आएको सेवाका अतिरिक्त महिला तथा बालबालिकाहरुको सुरक्षा र संरक्षणका विषयमा पैरवी तथा अधिवाचन गर्नुको साथै विभिन्न सरकारी तथा नागरिक समाजसंग समन्वय र सहकार्य गर्दै आएको छ । आयोगले निर्देशिका तथा नीतिगत विषयहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग समन्वय र सहकार्य गर्दै आएको छ । त्यसैगरी स्थानीय प्रशासन तथा नेपाल प्रहरीसंगको समन्वय र सहकार्यमा बढी जोखिममा रहेका पीडितहरुको संरक्षण, तत्काल उद्धार तथा आवश्यक सेवा प्राप्तिमा सहजीकरण गर्दै आएको छ भने स्थानीय तहसंगको समन्वय र सहकार्यमा पीडितहरुको लागि राहत तथा अन्य सेवाहरु प्राप्तिमा सहजीकरण गर्दै आएको छ । यसका साथै विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले आयोजना गरेका बैठकहरुमा सहभागीता तथा जानकारी आदान प्रदान गर्ने कार्यमा समेत आयोग अग्रसर रहेको छ ।

## मापदण्डहरुको मस्यौदा तयारी

COVID-19 को महामारी र बन्दाबन्दी सबैको लागि नयाँ विषय रहेको छ । बन्दाबन्दीकै अवधिमा पनि हिंसाका घटनाहरु भइरहेको र कतिपय प्रभावितहरुको तत्काल उद्धार गरी संरक्षणका लागि आश्रयस्थलहरुमा पठाउनु परिरहेको छ । यस्तो अवस्थामा एकातर्फ हिंसा प्रभावितहरुलाई प्रदान गरिने सेवाहरुको निरन्तरता महत्वपूर्ण रहेको छ भने अर्कोतर्फ सेवाहरु प्रदान गर्दा यसले पहिले सेवा केन्द्रमा बसी सेवा लिइरहेका प्रभावितहरुको सुरक्षाको सुनिश्चितता गर्नु पर्ने जिम्मेवारी समेत रहेको छ । खासगरी अल्पकालिन तथा दीर्घकालीन आश्रयस्थलहरुमा नयाँ आउने प्रभावित तथा बसीरहेकाहरुको महामारीको जोखिमबाट संरक्षण गर्ने विषयमा निश्चित मापदण्ड बनाउन जरुरी देखिएको छ ।



यसै कुरालाई मध्यनजर गर्दै आयोगले यस्तो महामारीको अवस्थामा आश्रयस्थलहरुको व्यवस्थापनका लागि “COVID-19 को महामारीको अवधिमा आश्रयस्थल सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड (Protocol) - २०७७” को मस्यौदा तयार गरि विभिन्न

सरोकारवाला निकायहरुसंग छलफल समेत गरेको छ। यो मापदण्डलाई अन्तिम रुप दिई कार्यान्वयनमा ल्याउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सहकार्य र समन्वय गरिरहेको छ।

यसका साथै साविकदेखि नै लैङ्गिंक हिंसा प्रभावितहरुको संरक्षण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मातहतमा सञ्चालन भईरहेका एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center -OCMC) हरुका लागि **COVID-19 को महामारीको समयमा पालना गर्नुपर्ने मापदण्ड (Protocol) २०७७** तयारीका लागि आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय र सहकार्य गर्दै आएको छ।

## महिला हिंसा निवारण गर्न हिंसाको रोकथाम र सम्बोधनका लागि सूचना सम्प्रेषण

राष्ट्रिय महिला आयोगले महिलामाथि हुने विभिन्न प्रकारका हिंसा निवारण सम्बन्धी सन्देशमूलक जिङ्गलहरु नेपाली, भोजपुरी, मैथिली र डोटेलीमा भाषामा तयार पारी एफ.एम. रेडियोहरुबाट प्रशारण गर्दै आएको छ ।

कोभिड १९ को कारण सिर्जित महामारीको समयमा हुनसक्ने हिंसाको सम्बोधनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा अडियो तथा भिडियोहरु मार्फत सूचनाहरु सम्प्रेषण गर्दै आएको छ।

आयोगले आफ्नो वेबसाईट मार्फत विभिन्न भाषामा सन्देशमुलक सूचनाहरु सम्प्रेषण गर्दै आएको छ। यसको साथै पत्रपत्रिका, रेडियो तथा टेलिभिजनबाट 'कोभिड-१९' का कारण हुन सक्ने महिला हिंसा निवारण र सम्बोधनका लागि अन्तरवार्ता तथा अन्य माध्यमबाट सूचना सम्प्रेषण गर्दै आएको छ।
आयोगले आफ्नो वेबसाईट (www.nwc.gov.np) मार्फत बन्दाबन्दीको अवधिमा सेवा प्रदान गरिरहेका संस्थाहरुको सूची तयार पारी सूचनाहरु सम्प्रेषण गर्दै आएको छ।



## बन्दाबन्दीको समयमा सेवा प्राप्त गर्नका लागि निम्न संस्थाहरुलाई सम्पर्क गर्नुहोस् :




## थप जानकारीको लागि हामीलाई सम्पर्क गर्नुहोस् :

**Website: [www.nwc.gov.np](http://www.nwc.gov.np) /[www.nwchelpline.gov.np](http://www.nwchelpline.gov.np)**

**Email: info@nwc.gov.np/** nationalwomencommission33@gmail.com

**Social Media**

**Facebook: NWC Helpline 1145**
**Twitter: @nwc 1145**
**Instagram : @nwc 1145**


खबर गरौं
११४५
लैङ्गिक हिंसा विरुद्ध हामी